नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोनः ९७७-१-४२००८३१, ४२००८३७
फ्याक्सः ९७७-१-४२००८३६
इमेलः neba@nepalbar.org
वेबः www.nepalbar.org

प.सं. ९६/०७५/०७६

मितिः २०७५।४।२८

केन्द्रीय कार्यसमिति
(२०७३-२०७६)

अध्यक्ष
शेर बहादुर के.सी.

उपाध्यक्ष
उषा मल्ल पाठक
मोतिराज गौतम
घनश्याम पन्त
शालिकराम सापकोटा
विनय सिंह
मदनकुमार खड्का
गंगाराम पाध्याय

महासचिव
खम्मबहादुर खाती

कोषाध्यक्ष
ज्ञानरत्न शाक्य

सचिव
इन्द्रबहादुर अधिकारी

सदस्य
ज्ञानेन्द्र प्रसाद अधिकारी
बिष्णु माया भुसाल
अरूण पौड्याल
पदमबहादुर शाही
कृष्णकुमार आङ्देम्बे
अस्मिन कुमार राई
लक्ष्मण आचार्य
हरिनारायण चौधरी
कृष्ण प्रसाद पनेरू
इन्दु कोइराला
मधुर पाठक
सानु मैया महर्जन
श्यामकुमार विश्वकर्मा
रमण कुमार कर्ण

श्री सम्पूर्ण कानून व्यवसायीज्यूहरु

विषयः विधान शंसोधनको राय सुझाव सम्बन्धमा ।

उपरोक्त विषयमा नेपाल बार एशोसिएशनका उपाध्यक्ष श्री उषा मल्ल पाठकको संयोजकत्वमा गठन भएको विधान संशोधन मस्यौदा समितिको बैठकबाट निर्णय भए बमोजिम नेपाल बार एशोसिएशनको विधान २०४८ को (छैठौं शंसोधन) मस्यौदा सम्पूर्ण कानून व्यवसायीज्यूहो जानकारीका लागि प्रकाशित गरिएको छ । प्रस्तुत मस्यौदाका सम्बन्धमा ३ दिन भित्र आफ्नो राय सुझाव उपलब्ध गराई दिनु हुन निर्णयानुसार अनुरोध छ ।

मधुर पाठक
सदस्य-सचिव
विधान संशोधन मस्यौदा समिति

# नेपाल बार एशोसिएशनको बिधान २०४८ (छैठौ संशोधन) प्रस्ताव

| क.सं. | संशोधनको प्रस्तावित धारा | साविकको व्यवस्था | हाल संशोधित व्यवस्था | संशोधन हुनु पर्ने आधार र कारण |
|---|---|---|---|---|
| १. | नेबाएको बिधानको धारा ३ (२) (झ) पछि (ञ) थप गर्ने । | नयाँ थप । | (ञ) स्वेच्छिक नि:शुल्क कानुनी सेवा (Pro-Bono) प्रदान गर्न नेबाएबाट निर्देशिका बनाई संस्थागत गर्ने । | कानुन व्यवसायीले स्वत: स्फूर्त रुपमा नि:शुल्क कानुनी सेवा प्रदान गरि आएको कुरालाई संस्थागत गर्न आवश्यक भएकोले । |
| २. | नेबाएको बिधानको धारा ४ (३) मा संशोधन । | (३) एशोसिएशनको केन्द्र र यसको मातहतमा आवश्यकतानुसार सम्बन्धित जिल्ला, पुनरावेदन र सर्वोच्च अदालत स्तरका एकाइहरू हुने छन् । एकाइहरूको नामकरण सम्बन्धित अदालतको नामबाट गरिने छ । उदाहरणार्थ सर्वोच्च अदालत बार एशोसिएशन, .... पुनरावेदन अदालत बार एशोसिएशन र .... जिल्ला अदालत बार एशोसिएशन इत्यादि । | (३) एशोसिएशनको केन्द्र र यसको मातहतमा आवश्यकतानुसार सम्बन्धित जिल्ला, उच्च र सर्वोच्च अदालत स्तरका एकाइहरू हुने छन् । एकाइहरूको नामकरण सम्बन्धित अदालतको नामबाट गरिने छ । उदाहरणार्थ सर्वोच्च अदालत बार एशोसिएशन, .... उच्च अदालत बार एशोसिएशन र .... जिल्ला अदालत बार एशोसिएशन इत्यादि । | तत्कालिन पुनरावेदन अदालतको नामाकरण उच्च अदालत कायम भएकोले संशोधन गर्नुपर्ने । |
| ३. | नेबाएको बिधानको धारा २५ (१) (ख) | (१) (ख) उपाध्यक्ष - सात (पूर्वाञ्चल-१, काठमाडौं उपत्यका बाहिरको मध्यमाञ्चल- १, काठमाडौं उपत्यका-१, पश्चिमाञ्चल- १, मध्यपश्चिमाञ्चल- १, सुदूरपश्चिमाञ्चल- १ र खुला क्षेत्र | (१) (ख) उपाध्यक्ष - आठ ( प्रत्येक प्रदेशबाट एक एक जना गरी ७ जना र खुला क्षेत्रबाट महिला उपाध्यक्ष १ गरी जम्मा ८ जना) | नेपालको संविधान बमोजिम कायम भएको राज्यको प्रादेशिक संरचना अनुसार नेबाएको बिधान, २०४८ ( पाँचौ संशोधन) लाई प्रादेशिक संरचनामा परिणत गर्न र प्रत्येक प्रदेशबाट उपाध्यक्षको प्रतिनिधित्व गर्नका लागि । |

| | | | | |
|---|---|---|---|---|
| | | महिला- १ गरी जम्मा ७ जना) । | | |
| ४. | नेबाएको विधानको धारा २५ को उपधारा ५ | (५) खुला क्षेत्र - आठ (काठमाडौं उपत्यका बाहिरबाट १ र खुलाबाट ७ जना ।) | (५) खुला क्षेत्र - सात - काठमाडौं उपत्यकाबाहिरबाट १ जना र खुला क्षेत्रबाट ६ जना ।) *स्पष्टिकरण* : यस विधानको प्रयोजनका लागि उपत्यका भन्नाले काठमाडौं, ललितपुर, भक्तपुर र काभ्रे जिल्लालाई जनाउनेछ । | संघीय संरचना बमोजिम विधान संशोधन गर्नु पर्ने भएबाट । |
| ५. | नेबाएको बिधानमा भएको विकास क्षेत्र शब्दहरुका सम्बन्धमा | नेबाएको बिधानमा भएको 'विकास क्षेत्र' शब्दको सट्टामा प्रदेश शब्द राख्ने गरी रुपान्तरण गर्ने । | नेबाएको बिधानमा भएको 'विकास क्षेत्र' शब्दको सट्टा 'प्रदेश' शब्द रुपान्तरण गर्ने । | विकास क्षेत्रसम्बन्धी अवधारणा समाप्त भई संघीय संरचना बमोजिम प्रदेशहरुको स्थापना भइसकेकोले । |